# कक्षा छका 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट रूपकहरूको तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा

विभाग, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको

नेपा.शि.५९८ को प्रयोजनार्थ

तयार पारिएको

## शोधपत्र


## शोधकर्ता

लीलादेवी भण्डारी

क्याम्पस रोल नं.: २१४ (०६३/०६४)

परीक्षा क्रमाङ्क : २१४०३१०/०६५

त्रि.वि.दर्ता नं. : ९-२-२१५-५५-२००३

नेपाली भाषाशिक्षा विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ



२०६८

# शोध निर्देशकको मन्तव्य

**कक्षा छका 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट रूपकहरूको तुलनात्मक अध्ययन** शीर्षकको प्रस्तुत शोधप्रतिवेदन शोधार्थी लीलादेवी भण्डारीले मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक सम्पन्न गरिएको यस शोधकार्यबाट म सन्तुष्ट रहेको छु र मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

२०६८ भाद्र

शोधनिर्देशक

श्री दीपकप्रसाद न्यौपाने

# कृतज्ञताज्ञापन

शोधकार्य आफैमा गहन र जटिल विषय हो । नेपाली भाषशिक्षा विषयसँग सम्बन्धित शोध क्षेत्रहरू मध्ये तुलनात्मक अध्ययन पनि एक जटिल क्षेत्र भएको महशुस हुँदाहुँदै पनि केही गहिरिएर अध्ययन गर्ने इच्छा जाग्यो । यसै सिलसिलामा 'कक्षा छका' 'हाम्रो नेपाली किताव' र 'नयाँ  नेपाली शृङ्खला' भित्र समाविष्ट रूपकहरूको तुलनात्मक अध्ययन' शीर्षक चयन गरी यो शोधपत्र तयार पारिएको हो । व्याक्तिगत अनेकौ व्यस्तताका बाबाजुद पनि आफ्नो अमूल्य समय दिई शोधपत्रको प्रारम्भदेखि हालसम्म उत्साहबर्द्धक प्रेरणा, कुशल निर्देशन तथा महत्त्वपूर्ण सुझाव दिनुहुने श्रद्धेय गुरुहरू प्रेमप्रसाद भट्टराई र दीपकप्रसाद न्यौपानेप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यको शीर्षक चयन, सामग्री निर्माण आदिको क्रममा अन्योलग्रस्त परिस्थितिमा आवश्यक पथप्रदर्शन तथा सल्लाह र सुझावहरू दिई मलाई यस अवस्थासम्म आइपुग्ने काममा सधैं उत्प्रेरणा दिनुहुने श्रद्धेय गुरुहरू गेहेन्द्र खनाल, मेघनारायण श्रेष्ठ, गोविन्द अधिकारी र गुणराज नेपालप्रति हर्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यको हरेक क्षणमा आवश्यक सहयोग तथा प्रोत्साहन प्रदान गर्नुहुने मेरा श्रीमान् श्री मेघराज पौडेललाई धेरैधेरै धन्यवाद दिन चाहन्छु । त्यसैगरी घरायसी वातावरण तयार पारी शोधकार्यमा सहयोग पुऱ्याउने मेरा आमाबुबा प्रति हार्दिक आभार साथै बहिनीहरू श्रद्धा र उषाप्रति हार्दिक स्नेहभाव व्यक्त गर्दछु । त्यसैगरी शोधकार्यलाई समयमै पूरा गर्नको लागि विशेष प्रेरणा र उत्साह प्रदान गर्नुहुने आदरणीय दाजु दीपक भण्डारीप्रति हार्दिक आभार साथै भाइ केशव भण्डारीप्रति हार्दिक स्नेहभाव प्रकट गर्दछु । त्यसैगरी प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा अध्ययन गरेका विभिन्न लेख, रचना तथा पाठ्यपुस्तकका लेखक तथा सम्पादकहरूप्रति नतमस्तक भई आभार व्यक्त गर्दछु ।

अन्त्यमा यस शोधपत्रलाई शुद्धरूपमा कम्प्युटर टङ्कण गरिदिने होराइजन कम्प्युटर सेन्टर इन्द्रपुर १ का प्रोपाइटर श्री अश्विनप्रसाद उप्रेतीलाई धन्यवाद दिँदै प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली भाषाशिक्षा विभाग समक्ष पेश गरेको छु ।

मिति : २०६८ भाद्र

लीलादेवी भण्डारी

# विषयसूची

## अध्याय एक

## शोधपरिचय


१.१ शोध शीर्षक १

१.२ शोध प्रयोजन १

१.३ समस्याकथन १

१.४ उद्देश्यहरू १

१.५ पूर्वकार्यको समीक्षा २

१.६ अध्ययनको क्षेत्र र सीमा ४

१.७ अध्ययनको महत्व र औचित्य ४

१.८ शोधविधि ५

१.८.१ सामग्री सङ्कलन विधि ५

१.८.२ अध्ययन विश्लेषण विधि ५

१.९ शोधप्रतिवेदनको रूपरेखा ५


## अध्याय दुई

## रूपक विधाको सैद्धान्तिक परिचय एवम् कक्षा छमा रूपक शिक्षणका उद्देश्य र विधिहरू

२.१ रूपकको परिचय ६

२.१.१ रूपकको परिचय र व्युत्पत्ति ६

२.१.२ नाटक ७

२.१.३ एकाङ्की ८

२.१.४ संवाद ९

२.१.५ मनोवाद ९

२.१.६ वादविवाद १०

२.१.७ वक्तृता १०

२.२ कक्षा ६ को नेपाली विषयको पाठ्यक्रम ११

२.२.१ कक्षा ६ को नेपाली विषयको विशिष्ट उद्देश्य ११

२.२.२ विधाको क्षेत्र र क्रम १३

२.२.३ विधाका पाठहरूको वितरण १४

२.३ कक्षा छमा निर्धारित रूपकहरू १५

२.४ कक्षा छमा रूपक शिक्षणका उद्‌देश्यहरू १५

२.५ कक्षा छमा रूपक शिक्षणका विधिहरू १७

**अध्याय तीन**

**कक्षा छका 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' नेपाली भाषा पाठ्यपुस्तकका रूपकहरूको तुलनात्मक अध्ययन**

३.१ 'हाम्रो नेपाली किताब' र नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तकहरूको परिचय १९

३.२ पाठ्यविधाको छनौट र रूपकहरू १९

३.३ दुबै पाठ्यपुस्तकमा समाविष्ट पाठहरूको पाठगत अध्ययन २०

३.३.१ 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' संवादको अध्ययन २०

३.३.२ 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' वादविवादको अध्ययन २३

३.३.३ 'गङ्गारामको न्याय' संवादको अध्ययन २५

३.३.४ 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवादको अध्ययन २७

३.३.५ 'उत्तम हाम्रो भाइ हो!' संवादको अध्ययन ३०

३.३.६ 'धनभन्दा विद्या ठूलो' वादविवादको अध्ययन ३२

३.४. पाठको आयाम र विषयवस्तु प्रयोगका दृष्टिले विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण ३४

३.४.१ 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' र 'गङ्गारामको न्याय' पाठहरूको तुलनात्मक विश्लेषण ३५

३.४.२ 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' र 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवादको तुलनात्मक विश्लेषण ३६

३.४.३ 'उत्तम हाम्रो भाइ हो !' संवादको विश्लेषण ३७

३.४.४ 'धनभन्दा विद्या ठूलो' वादविवादको विश्लेषण ३७

३.५ भाषिक सीप आर्जनका दृष्टिले विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण ३८

३.५.१. सुनाइ सीपका आधारमा पाठ्यवस्तुको विश्लेषण ३८

३.५.२ बोलाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण ४२

३.५.३ पढाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण ४६

३.५.४ लेखाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण ५०

## अध्याय चार

## उपसंहार तथा निष्कर्ष

४.१ 'हाम्रो नेपाली किताब' कक्षा छको रूपक विधा विश्लेषणको निष्कर्ष ५४

४.२ 'नयाँ नेपाली शृङ्खला' कक्षा छको रूपक विधा विश्लेषणको निष्कर्ष ५५

४.३ 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट विवेच्य पाठहरूको तुलनात्मक अध्ययनको निष्कर्ष ५६

४.४ 'हाम्रो नेपाली किताब' कक्षा छको रूपक विधाका पाठहरूको सबल तथा दुर्बल पक्षहरू ५७

४.५ 'नयाँ नेपाली शृङ्खला' कक्षा छको रूपक विधाका पाठहरूको सबल तथा दुर्बल पक्षहरू ५७

४.६ सुझावहरू ५८

४.७ भावि अनुसन्धानका लागि रूपक विधाबाट लेख्न सकिने सम्बन्धित केही शीर्षकहरू ५९

*सन्दर्भ ग्रन्थसूची*

*परिशिष्ट*

## सङ्क्षिप्त शब्दहरू

| सङ्क्षिप्त रूप | पूर्णरूप |
|---|---|
| पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| दो.स. | दोस्रो संस्करण |
| नं. | नम्बर |
| प्र.अ. | प्रधानाध्यापक |

# शोधसार

एउटै कक्षाका एकै समयका एउटै पाठ्यक्रममा आधारित दुई भाषा पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाका पाठहरूको स्तरीयता, आयाम र विषयवस्तुको प्रयोग साथै भाषिक सीपको तुलनात्मक विश्लेषण यस शोधप्रबन्धको शोधसार हो । प्रस्तुत शोधप्रबन्ध चार अध्यायमा प्रबन्धन गरिएको छ । यहाँ प्रत्येक अध्यायको निष्कर्षलाई शोधसारका रूपमा प्रस्तुत गरिएको छ ।

अध्याय एक 'शोधको परिचय' विषयवस्तुमा आधारित भई लेखिएको छ । यस शोधपत्रको शीर्षक 'कक्षा छका' 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन" रहेको छ । यसको प्रयोजन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत सुकुना बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग, स्नातकोत्तर तह ( एम.एड) द्वितीय वर्षको नेपा. शि. ५९८ को प्रयोजनका निम्ति तयार पारिएको हो । भाषा पाठ्यक्रमको उद्देश्यअनुरूप भाषा पाठ्यपुस्तकहरूमा रूपक विधा राखिएको छ कि छैन ? पाठको आयाम र विषयवस्तु प्रयोगका दृष्टिले कुनचाहिँ बढी स्तरीय र उपयुक्त छ ? भाषिक सीप आर्जनका आधारमा कुन पाठ्यपुस्तक बढी उपयोगी छ ? र रूपक पाठका सबल र दुर्बल पक्षको खोजविन यसका समस्याहरू हुन । रूपक विधाको उपयुक्तताको विश्लेषण गर्नु, पाठको आयाम र विषयवस्तु प्रयोगका दृष्टिले कुनचाहिँ बढी स्तरीय र उपयुक्त छ भन्ने कुरा पत्ता लगाउनु, दुई भाषा पाठ्यपुस्तकका रूपक विधाका पाठहरूबाट भाषिक सीपको विश्लेषण गर्नु, पाठको सबल र दुर्बल पक्षको जानकारी दिई उपयुक्त सुझाव दिनु शोधको उद्देश्यरहेको छ । पूर्व अध्येताहरूको शोध सम्बन्धी अध्ययन पूर्वकार्यको समीक्षामा गरिएको छ भने दुई पाठ्यपुस्तकका रूपक विधाका पाठहरूको सान्दर्भिकता, उपयोगीता, स्तरीयता, समयसापेक्षता एवं भाषिक सीपको बारेमा अध्ययन शोधको महत्त्व वा औचित्य शीर्षकमा गरिएको छ । विवेच्य पाठहरूको आयाम र विषयवस्तुको प्रयोग, भाषिक सीपको तुलनात्मक अध्ययन बाहेकका पक्षहरू यसका सीमा मानी सामग्री सङ्कलन र अध्ययन विश्लेषण शोधप्रबन्ध तयार पार्न अपनाइएका अध्ययन विधिहरू हुन् । अन्त्यमा शोधपत्रको रूपरेखाको चर्चा गर्दै अध्याय एक समाप्त गरिएको छ ।

अध्याय दुई रूपक विधाको सैद्धान्तिक विषयमा आधारित छ । यस अध्यायमा रूपकको उत्पति , रूपक भित्रका उपरुपक एकाङ्की, संवाद, वादविवाद, मनोवाद र वक्तृता जस्ता विषयको सैद्धान्तिक आधार खोज्ने प्रयास गरिएको छ । यसका साथै रूपक शिक्षणका उद्देश्यर विधिहरू बारेमा पनि यस अध्यायमा चर्चा गरिएको छ ।

अध्याय तीनमा विवेच्य पाठहरूको विषयगत अध्ययन, पाठको आयाम र विषयवस्तुको प्रयोगको उपयुक्तता एवम् भाषिक सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । दुई भाषा पाठ्यपुस्तकभित्र समविष्ट रूपक विधाका जम्मा छवटा पाठहरूको अध्ययन विश्लेषणका आधारमा पाठको स्तरीयता, उपयुक्तता, पाठको आयाम र विषयवस्तुको अध्ययन एवम् भाषिक सीपको सैद्धान्तिक र प्रायोगिक अध्ययन-विश्लेषणबाट शोधको निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । शोधप्रबन्धको चौथो अध्यायमा उपसंहार तथा निष्कर्ष राखिएको छ जसमा विवेच्य रूपक विधाका पाठहरूको निष्कर्ष, सबल-दुर्बल पक्षको प्रस्तुति, भावि अनुसन्धानका लागि विषय शीर्षकको जानकारी दिँदै केही उल्लेखनीय सुझाबहरूका साथमा सन्दर्भग्रन्थहरूको सूची दिएर शोधप्रबन्धको अन्त्य गरिएको छ ।

यसरी समग्रमा हेर्दा यो शोधप्रबन्ध एउटै पाठ्यक्रमका अधीनमा रही सरकारी र निजी विद्यालयहरूका प्रयोगमा ल्याइएका भाषा पाठ्यपुस्तक बीचको स्तरीयता, पाठहरूको आयाम र विषयवस्तुको उपयुक्तता एवम् भाषिक सीप आर्जनका दृष्टिले उपयुक्तताको विश्लेषण गर्नु यसको मुख्य अभिप्राय रहेको छ ।